# महाकाली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## खलंगा दार्चुला

## सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. २०७५/०७६ (कानूनी मामिला इकाइ)

च.न.

मिति २०७५/०८/१८

**बिषय:–सचना ! सूचना ! सूचना !।**

(प्रथम पटक प्रकाशित २०७५/०८/१९)

महाकाली नगरपालिकाको न्यायीक समिति (कार्यविधि सम्वन्धी) ऐन २०७५ को दफा (५९) बमोजिम न्यायीक समितिको कार्य सम्पादनमा सहजीकरणका लागि मेलमिलापकर्ताहरुको सूची तयार गर्नु पर्ने व्यवस्था भएको र महाकाली नगरपालिकाको न्यायीक समितिको बैठकबाट निर्णय भए अनुसार तपसीलको योग्यता भएको मेलमिलापकर्ताहरुले महाकाली नगरपालिकाको न्यायीक समिति (कार्यविधि सम्वन्धी) ऐन २०७५ को दफा (६०) को उपदफा (३) बमोजिम महाकाली नगरपालिकामा निवेदन पेश गरी सूचना सूचीकृत हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

१) मेलमिलापकर्ताको योग्यता (ऐनको दफा ५९ को उपदफा १ बमोजिम)

क) कम्तीमा स्नातक तह उत्तीर्ण,

ख) कुनै राननीतिक दल प्रति आस्था राखी राजनीतिमा सकिय नरहेको तथा कुनै राजनीतिक दलको सदस्यता नलिएको,

ग) स्थानीय स्तरमा समाज समाजसेवीको रुपमा पहिचान बनाएको,

घ) मेलमिलापकर्ता सम्बन्धि ४८ घण्टा तालीम लिई मेलमिलापकर्ताको काम गर्दै आएको,

ङ) २५ बर्ष उमेर पुरा भएको ।

२) सूचनाको अवधि:– पहिलो पटक प्रकाशित मितिले १५ दिन कार्यालय समय भित्र सो दिन सार्वजनीक बिदा परेमा सोको भोली पल्ट र म्याद नाघि पेश भएको आवेदन सूचिकृत गरिनेछैन ।

३) निवेदनको नमुना:– ऐनको दफा ६० उपदफा (३) संग सम्बन्धित अनुसूचि ११ (सोको नमुना महाकाली नगरपालिकाको कार्यालयबाट लिन सकिनेछ ।

(यज्ञराज लेखक)

नि. प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

फोन न ०९३-४२०१३७, फ्याक्स नं. ०९३-४२०१३७

web: mahakalimundarchula.gov.np, Email:- mmdarchula@gmail.com